धवलागिरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मुना, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

---

# कार्यपालिकाको बैठको निर्णय सार्वजनिक गरिएको सूचना

(मितिः२०८३/०२/०९)

यस धवलागिरी गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३/०२/०७ मा बसैको बैठकले गरेका निर्णय यसै सूचना साथ सार्वजनिक गरिएको वेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

**<u>प्रस्तावहरुः</u>**

१. राजिनामा स्विकृत तथा सुविधा रकम सम्बन्धमा,
२. अध्ययन विदाको लागि पूर्व स्विकृति सम्बन्धमा
३. मोटरबाटो सरसफाईको रकम भुक्तानी सम्बन्धमा
४. सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धमा,
५. विविध

निर्णयहरू

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ५ को वडा सचिवको रुपमा कार्यरत सहायक पाँचौ श्री वेदनाथ सुवेदीले मिति २०८३/०१/०१ गते देखि लागु हुने गरि दिनुभएको स्वेच्छिक राजिनामा स्विकृत गर्ने निर्णय गरियो। साथै निजले प्रचलित कानून बमोजिम प्राप्त गर्ने सुविधा वापतको रकम एकिन गरि कर्मचारी कल्याण कोषका लागि चालु आ.व. २०८२/८३ मा विनियोजित बजेटबाट भुक्तानी दिनको लागि एकिन गरि आगामी कार्यापालिकाको बैठकमा पेश गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा मराङ स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी श्री चाहना शाह तथा मुदी स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी श्री सुनिता गुर्धामी नेपाल सलाई तलबी अध्ययन बिदाको लागि पूर्व स्विकृती प्रदान गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा वडा नं. ५ स्थित भेडिखाल्टा वस्तिमा यस गाउँपालिकाबाट सडक सञ्जालसँग नजोडिएको तथा रघुगंगा गाउँपालिका तर्फबाट जोडिएको सडक मर्मत सम्भार तथा सरसफाई गर्दा भएको खर्च रकम भुक्तानी हुन छुट भएको हुँदा प्राविधिक मुल्याङंकन तथा वडा समितिको सिफारिस बमोजिमको रकम सडक मर्मत शिर्षकबाट भुक्तानी दिने गरि २०८२/१२/१० गतेको कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिम प्राविधिक मूल्याङ्कन गर्दा रु. ५५९२४ बराबरको काम भएको भनि प्रतिवेदन पेश भएको हुदाँ उक्त रकम मोटरबाटो सरसफाई शिर्षकबाट भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

४. प्रस्तावन नं. ४ माथि छलफल गर्दा सामाजिक सुरक्षाकोषमा आबद्ध गर्ने मापदण्ड, २०८३ स्विकृत गर्ने निर्णय गरियो। साथै प्रचलित कानून तथा उक्त मापदण्ड बमोजिम यस गाउँपालिका मातहत सेवा करारमा कार्यरत कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न तत्काल प्रक्रिया अगाडि बढाउन कार्यापालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

५. विविध अन्तर्गत देहाय बमोजिम हुने गरि निर्णय गरियो।

क. चालु आ.व. मा संघीय सरकारबाट सशर्त अनुदान अन्तर्गत प्राप्त सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरणका लागि प्राप्त रकम कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/८३ उल्लेख भए बमोजिम सम्बन्धित विद्यालयले खरिद तथा व्यवस्थापन गर्ने गरि प्रति छात्रा अधिकतम रु १३४० का दरले अनुदान उपलब्ध गराउन सकिने व्यवस्था रहेको हुँदा तोकिएको मापदण्ड र परिमाण बमोजिमको स्यानिटरी सम्बन्धित विद्यालय नै खरिद गर्ने गरि विद्यालयलाई अनुदान उपलब्ध गराउने निर्णय गरियो।

ख. वडा नं. ६ स्थित गोरेथा गोरेटोबाटमा अत्यन्तै जोखिमपूर्ण रहेको कारण सर्वसाधारणहरुको यात्रामा असहज भएको हुँदा फलामको भर्याङ निर्माण गरि प्राविधिक मूल्याङ्कन बमोजिमको रकम विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो।

ग. वडा नं ६ स्थित बागेश्वरी आवि र राम्चे आविमा इन्भटर बिग्रिएको कारण पठनपाठनमा समस्या सिर्जना भएको हुँदा मेशिनरी औजार शिर्षकबाट भुक्तानी गर्ने गरि इन्भटर खरिद गरि उपलब्ध गराउने निर्णय गरियो।

घ. २०८३/०२/१० र ११ गते जलजला क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि सरोकारवालाहरु बीच अन्तक्रिया तथा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने निर्णय गरियो।

ङ. सामाजिक सुरक्षा भत्ता दर्ता तथा नविकरणको लागि आवश्यक पर्ने आइरिस मेसिन खरिद गर्ने प्रक्रिया अगाडि बढाउनका लागि गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

च. वडा नं. ३ को वडा कार्यालय पछाडि माटो लगायत गेग्रान जमेको कारण कार्यालय भित्र पानी पस्ने समस्या रहेको कारण पछाडिको कंक्रिट सहितको माटो काट्ने र मर्मतको कार्यका लागि रु. ७६०४२.०९ को लागत अनुमान तयार भएको हुदाँ उक्त कार्य अमानतबाट गराई निर्मित सार्वजनिक सम्पत्तिको मर्मतसम्भार शिर्षकबाट प्राविधिक मूल्याङ्कन बमोजिम हुने रकम भुक्तानी दिने निर्णय गरियो।